# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १८ जून २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी क्रोएसियाको राजधानी पुगनुभएको छ| कुनै पनि भारतीय प्रधानमन्त्रीको यो क्रोएसियाको पहिलो भ्रमण हुनेछ।

- कलकत्ता हाईकोर्टले राज्यमा तीन वर्षदेखि बन्द रहेको 'महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार गारन्टी योजना' अर्थात् सय दिनको कामको योजनालाई पुनः शुरू गर्ने निर्देश दिएको छ।

- राज्यमा नवौं र दशौं कक्षाका लागि विषयगत शिक्षकहरूको नियुक्ति प्रक्रिया शुरू भएको पहिलो दिन अऩलाइन आवेदनमा व्यापक उत्साह देखिएको छ।

- युवा कवि सुबास ठकुरीलाई साहित्य अकादमी दिल्लीद्वारा युवा पुरस्कारले सम्मानित गरिने भएको छ।

- बंगालको खाडीमा माछा मार्ने वार्षिक प्रतिबन्ध समाप्त भएसँगै समुन्द्रमा मौसम बिग्रन थालेको छ।

**प्रधानमन्त्री क्रोएसिया**

प्रधानमन्त्री नरेन्द्र मोदी क्रोएसियाको राजधानी पुगनुभएको छ| कुनै पनि भारतीय प्रधानमन्त्रीको यो क्रोएसियाको पहिलो भ्रमण हुनेछ। यो भ्रमणले दुई देशबीचको आपसी सम्बन्धमा नयाँ अध्यायको सुरुवात गर्नेछ। भ्रमणको क्रममा प्रतिनिधिमण्डल स्तरको वार्ता हुनेछ र प्रमुख क्षेत्रहरूमा सम्झौताहरूमा हस्ताक्षर हुनेछ। भारत र क्रोएसियाले विज्ञान र प्रविधि, कृषि, शिक्षा र संस्कृतिको क्षेत्रमा प्रमुख सम्झौताहरूमा हस्ताक्षर गर्नेछन्| विज्ञानमा सहयोग कार्यक्रम मार्फत संयुक्त अनुसन्धान र सूचना आदानप्रदानलाई प्रोत्साहन गरिनेछ। साथै, व्यापक कृषि सम्झौतामा तीस प्राथमिकताका क्षेत्रहरू समावेश गरिनेछ। 2030 सम्म सांस्कृतिक सम्पर्क कार्यक्रमको विस्तार सम्बन्धी सम्झौतामा पनि हस्ताक्षर हुने सम्भावना छ। ज़ागरेब विश्वविद्यालयमा हिन्दी पीठको पनि विस्तार गरिनेछ, जसले भारतको भाषिक र शैक्षिक पहुँचलाई बलियो बनाउनेछ। यो भ्रमण त्यस्तो समयमा भइरहेको छ जब क्रोएसियाले आतंकवाद विरुद्धको लडाईं र संयुक्त राष्ट्र सुरक्षा परिषद्मा स्थायी सदस्यताको लागि भारतलाई निरन्तर सहयोग गरिरहेको छ। दुई देशले भारत- यूरोपीय मुक्त व्यापार सम्झौता र युरोप, पश्चिम एसिया र भारतलाई जोड्ने व्यापक करिडोरमा सहयोगको बारेमा पनि छलफल गर्न सक्छन्|

**भारतमा विमान परिचालन**

भारतमा विमान परिचालनसित सम्बन्धित समस्याहरू लगातार बढ्दै गइरहेको छ। गत 12 जूनमा अहमदाबाददेखि लण्डन गइरहेको एयर इण्डियाको उड़ान तकनिकी खराबीको कारणले फर्किएको घटनापछि अब दुई अलग-अलग बम विस्फोटको धम्कीले सुरक्षा एजेन्सीहरूलाई चकित बनाएको छ । एकातिर कोच्चीदेखि दिल्ली गइरहेको इण्डिगोको फ्लाइटलाई पाइलटले नागपुरमा इमरजेन्सी ल्याण्ड गराए भने अर्कोतिर गत मंगलवार साँझ कोलकाता एयरपोर्टको पब्लिक ग्रीवांस अफिसको मेल आईडीमा एक धम्कीपूर्ण ई-मेल प्राप्त भयो जसमा टर्मिनलको एक रेस्ट रूमको पाइपलाइनभित्र बम राखिएको अनि कुनै पनि समय विस्फोट हुनसक्छ बताईएको थियो। एक अधिकारीले आज बिहान बताए अनुसार, कोलकाता एयरपोर्टलाई उक्त धम्कीपूर्ण मेल 'अलेक्ज पल मेनन' नामक एक व्यक्तिको मेल आईडीबाट पठाइएको छ। मेल प्राप्त भएपछि सीआईएसएफले टर्मिनलको हरेक कुना, डिपार्चर एरिया, स्टाफ एन्ट्री गेट औ कार्गो ज़ोनमा व्यापक खोजी अभियान संचालन गऱ्यो। सुरक्षा व्यवस्थालाई अझ कड़ा बनाउँदै बोर्डिंगपूर्व यात्रुहरूको सामानको ऱ्याण्डममा जाँचलाई 20 प्रतिशत बढाइयो। यस अतिरिक्त विमानपत्तन बाहिर पनि बिधाननगर

पुलिसले सुरक्षा जाँचलाई कड़ा बनायो। बिधान नगर पुलिस कमिश्नरेटका वरिष्ठ अधिकारी अनुसार कैयौं घण्टासम्म जाँच गरिए पनि कुनै प्रकारको संदिग्ध वस्तु फेला परेन। हाल त्यस आईपी एड्रेसको बारेमा पत्तो लगाइँदैछ जसबाट मले पठाइएको थियो।दुवै घटनामा आपत्तिजनक त्यस्तो केही पनि भेटिएको छैन। तर सुरक्षा एजेन्सीहरू सतर्क छन् र मामिलाको गम्भीर रूपमा जाँच गरिरहेका छन्।

****** ० ******

## कलकत्ता हाईकोर्ट MANREGA

कलकत्ता हाईकोर्टले राज्यमा तीन वर्षदेखि बन्द रहेको 'महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार गारन्टी योजना' अर्थात् सय दिनको कामको योजनालाई पुनः शुरू गर्ने निर्देश दिएको छ। आज मुख्य न्यायाधीश टीएस शिवगनमको बेञ्चले आदेश दिँदै, यो योजना राज्यमा 1 अगस्त 2025 देखि शुरू गरिनुपर्छ भनि बताएको छ। अदालतले यो पनि स्ष्ट परेको छ कि योजनामा धन आवंटनको जिम्मा केन्द्र सरकारको हुनेछ। योजनाको शुरूआतका साथै केन्द्र र राज्य दुवैले यो सुनिश्चित गर्नुपर्नेछ कि यस योजनामा पहिलेको जस्तो कुनै अनियमितता नहोस्। अदालतले, यो योजना राज्यका सबै  नागरिकहरूसम्म पुगोस् र यसको क्रियान्वयनमा पारदर्शिता बनिरहोस् भनि निर्देश पनि दिएको छ । उलेखनीय छ, गत तीन वर्षदेखि योजना बन्द थियो।

## कालीगञ्ज विधानसभा उपचुनाव

नादिया जिल्लाको कालीगञ्ज विधानसभा सिटमा १९ जुन मा उपचुनाव हुँदैछ। निर्वाचन आयोगका अनुसार १ लाख ३० हजार ३६३ पुरुष र १ लाख २२ हजार ३०३ महिलासहित कुल २ लाख ५२ हजार ६७० मतदाताले आफ्नो मताधिकार प्रयोग गर्नेछन्। बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान हुनेछ।निर्वाचन प्रक्रिया शान्तिपूर्ण रूपमा सम्पन्न गर्न ३०९ मतदान केन्द्रहरूमा केन्द्रीय सशस्त्र बलहरू राज्य पुलिस पनि तैनाथ गरिएको छ। अधिकारीहरू अनुसार, १३ पञ्चायत क्षेत्रहरूमा फैलिएका २०९ संवेदनशील बुथहरूको निगरानी गर्ने  केन्द्रीय बलका १४ कम्पनीहरू तैनाथ गरिएको छ।

## पश्चिम बंगाल शिक्षक नियुक्ति

राज्यमा नवौं र दशौं कक्षाका लागि विषयगत शिक्षकहरूको नियुक्ति प्रक्रिया शुरू भएको पहिलो दिन अन्नलाइन आवेदनमा व्यापक उत्साह देखिएको छ। सोमवार राति 10 बजीदेखि शुरू भएको अनलाइन आवेदन प्रक्रिया अन्तर्गत  मंगलवार साँझ 6 बजीसम्ममा 10 हजारभन्दा अधिक उम्मेद्वारहरूले आवेदन दर्ता गराएका छन्। यो कुराको जानकारी पश्चिम बंगाल स्कूल सर्भिस कमिशन (एसएससी)-का एकजना अधिकारीले आज बिहान दिनुभएको हो। शिक्षामन्त्री ब्रत्य बसुले नियुक्ति प्रक्रियामा सामेल हुनका लागि सबै योग्य अनि पूर्ववर्ती बर्खास्त शिक्षकहरूलाई आवेदन गर्न अपील गर्नुभएको थियो। उहाँले, "यो नियुक्ति सुप्रीम कोर्टको निर्देशानुसार भइरहेको स्पष्ट पर्नुभएको छ।
सुप्रीम कोर्टको आदेश अनुरूप बर्खास्त शिक्षकहरूलाई नयाँ परीक्षामा बस्न अनिवार्य गरिएको छ। अधिकांश शिक्षकहरू यस परीक्षामा सामेल हुन तयार छन् र उनीहरूले आवेदन पनि गरिरहेका छन् भने कतिपय शिक्षकहरूले अहिले पनि विरोध गरिरहेका छन् र परीक्षामा बस्न पनि अस्वीकार गरिरहेका छन्।

## आत्मा शान्ति पूजा

दुधे बालसन  ड्राइभर वेलफेयर एशोसिएशनले मिरिकदेखि सिलगढी जाने मुख्य सडकको घैयाबारी क्षेत्रमा भइरहने  वाहन दुर्घटना रोक्न अनि हालसम्म वाहन दुर्घटनामा परि ज्यान गुमाँउनेहरूको मोक्ष प्राप्तिका लागि सोमबारदेखि शुरू गरिएको तीन दिवसीय धार्मिक अनुष्ठानको समापन आज भयो। समापन अनुष्ठानमा मानिसहरूको भीड थियो। मिरिक खण्डअन्तर्गत दूधे-मिरिक सडकमा धेरै वर्ष अघिदेखि गाड़ीहरू प्रायः नै दुर्घटना हुने गर्छ। यस क्षेत्रमा गाडी दुर्घटना हुँदा धेरैको ज्यान समेत गएको छ। यसै विषयलाई केन्द्र गरेर  एसोसिएशनले गत सोमबारदेखि लामाद्वारा तीनदिने पूजा आरम्भ गरिएको थियो। लामा पालदेन योञ्जन साथै तिनका सहकर्मीहरूले पूजाको भार ग्रहण गरेका थिए। आज पूजाको अन्तिम दिनमा होम गरियो भने जिटिए सभाका २३ नम्बर अनि २४ नम्बर समष्टिका सभासदहरुको उपस्थिति रहेको जानकारी एसोसिएशनका अध्यक्ष हिरोश तामाङले दिनुभएको छ।

## साहित्य अकादमी युवा पुरस्कार

युवा कवि सुबास ठकुरीलाई साहित्य अकादमी दिल्लीद्वारा युवा पुरस्कारले सम्मानित गरिने भएको छ। आज साहित्य अकादमी दिल्लीले एउटा प्रेस विज्ञप्ति जारी गर्दै युवा कवि सुबास ठकुरीलाई- उनीको कविता सङ्ग्रह " जूनको आँसु " - का लागि पुरस्कृत गरिने घोषणा गरेको छ। उक्त खबर पाउन साथ क्षेत्रमा खुशीको लहर छाएको छ भने उनको यो उपलब्धिले क्षेत्रवासीलाई नै गौरवान्वित तुलाएको छ। युवा कवि सुबास ठकुरीको पहिलो संयुक्त कविता संग्रह "पहिलो पाइला" सन् २००७ तिर प्रकाशित भएको थियो भने "जूनको आँशु" कविता संग्रह २०२३ सालमा प्रकाशित भएको हो। रिम्बिकको लिङ्गसेबुङमा पिता लोक बहादुर ठकुरी अनि माता धन माया ठकुरीको जेठो छोरोको रूपमा जन्मिएका कवि सुबास ठकुरी सानै उमेरदेखि साहित्यप्रति रुचि राख्ने गर्दथे। कवि सुवास ठकुरीलाई बधाई दिँदै स्थानीय सभासद नोर्देन शेर्पाले हर्ष प्रकट गर्नुभएको छ । उहाँले रिम्बिक क्षेत्र कृषिको निम्ति मात्रै होइन अब सृजनाको क्षेत्रमा पनि उर्वर बन्दै आएको बताउनु भयो। यसका साथै क्षेत्रको साहित्यिक संस्था मुस्कान समुहले पनि कवि ठकुरीलाई बधाई टक्राएको छ।

**<u>सिलीगुड़ी</u>**

सिलीगुड़ी सँग संग्लग्न ईस्टर्न बायपासको वीआईपी मोड़ क्षेत्रमा आज विहान स्थिति तनावपूर्ण भएको थियो। मंगलवार एक स्थानीय व्यापारी अनि उनको परिवार माथि भएको हमलाको विरोधमा आज स्थानीय मानिसहरुले सड़कमा उत्रेर विरोध प्रदर्शन गरे। यस क्षेत्रका दोकानहरु बंद थिए अनि सैकड़ो मानिसहरुले वीआईपी मोड़मा सडक अवरुध गरेका थिए ।स्थानीय सूत्र अनुसार, मंगलवार दिउसो ठाकुरनगर क्षेत्रमा केहि असामाजिक तत्वहरुलले एक व्यवसायीको घरमा हमला गरेको थियो। आक्रमणकारीहरूले उनीहरूलाई कुटपिट मात्र न गरेर, हतियार देखाएर मार्ने धम्की पनि दिएका थिए। घटना पछि पुलिसले लाटागुड़ी बाट छ आरोपिहरुलाई पक्राउ गरेको छ।

**<u>घुम जोरबङ्ग्लो</u>**

जनसाधारणको गुणासोलाई मध्यनजर गर्दै घुम स्थित मार्टिन डिस्पेन्सरी कार्यलय परिसरमा घुम जोरबङ्ग्लो नगरवासीहरुको सुबिधाको निम्ति दार्जीलिङ्ग नगरपालिकाको हेल्प डेस्क साथै नगरपालिकाको स्थायी कार्यलयको आज उद्घाटन गरियो । उक्त उद्घाटन दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठ्कुरीले रिबन काटेर गर्नुभयो । घुम जोरबङ्लो क्षेत्रमा नगरपालिकाको हेल्प डेक्स र नगरपालिकाको कार्यलय बनाउनु सपना रहेको थियो आज आएर बिपनामा परिवर्तन भएको भन्दै नगरपालिका अध्यक्ष दिपेन ठकुरीले खुशी व्यक्त गर्नु भयो ।

**<u>यशस्वी प्रधान" सम्मान</u>**

कोलकातास्थित हाईयात रिजेन्सीमा आयोजित एक भव्य समारोहबिच बोङ ग्राम पञ्चायतकी प्रधान रेजिना लेप्चालाई "यशस्वी प्रधान" सम्मान प्रदान गरिएको छ। कार्यक्रममा पश्चिम बङ्गालका विभिन्न जिल्लाबाट छानिएका १०० जना प्रधानमध्ये २० जना उत्कृष्ट प्रधानहरूलाई राज्यस्तरीय सम्मान प्रदान गरिएको हो। पश्चिम बंगाललाई पाँच जोनमा विभाजन गरी प्रत्येक जोनबाट २० जना प्रधान छनोट गरिएको थियो। कालेबुङ जिल्लाबाट बोङ ग्राम पञ्चायतकी रेजिना लेप्चा, अपर इच्छे ग्राम पञ्चायतकी प्रधान लाडेन शेर्पा र काश्योङ ग्राम पञ्चायतकी प्रधान सपना तामाङ सिलगढी जोन बाट ग्राण्ड फिनालेमा सहभागी थिए। उक्त सम्मान समारोहमा प्रसिद्ध अभिनेता प्रसेनजित चटर्जी र भारतीय क्रिकेटका पूर्व कप्तान सौरभ गाङ्गुलीले सम्मान प्रदान गरेका थिए।

**<u>आईजीजेएफ जमानत</u>**

इन्डियन गोर्खा जनशक्ति फ्रन्टका दुई कार्यकर्ताहरूलाई कलकत्ता उच्च अदालतले जमानत दिएको छ। यस जानकारी पार्टी प्रमुख अजय एडवर्डसले एक प्रेस बिज्ञप्ति जारी गर्दै दिनुभएको हो।

**<u>बंगाल खाडी</u>**

बंगालको खाडीमा माछा मार्ने वार्षिक प्रतिबन्ध समाप्त भएसँगै समुन्द्रमा मौसम बिग्रन थालेको छ। यस्तो अवस्थालाई ध्यानमा राख्दै, पश्चिम बंगाल सरकारको आपदा प्रबंधन तथा नागरिक रक्षा विभागले फेरि एक पटक जालहारीहरूलाई समुद्रमा जान प्रतिबन्ध लगाएको छ।